## आ.व . २०७९/८० को दोस्रो कार्यपालिका बैठक

आज मिति २०७९।०४।०६ गते विहान ७:०० बजे राप्ती गाउँकार्यपालिकाका अध्यक्ष श्री प्रकाश विष्टको अध्यक्षता तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बस्यो। बैठकका उपस्थिति र निर्णयहरु यसप्रकार छन्।

**उपस्थिति**

| | | |
|---|---|---|
| अध्यक्ष | श्री | प्रकाश बिष्ट, राप्ती गाउँकार्यपालिका। |
| उपाध्यक्ष | श्री | कमलापती चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | गेमे खड्का, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | पहलवान चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | उमेश अधिकारी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | विर वहादुर चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | देव प्रसाद चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | दीपक कुमार चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | सिताराम चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | चन्द्र वहादुर गुरुङ, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | रिम बहादुर सुनारी, मगरराप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | पार्वती सुवेदी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | चम्फा भुसाल, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | रण बहादुर फुजाली सार्की , राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | गिता चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | सावित्री चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | संजिव परियार, राप्ती गाउँकार्यपालिका। |

सदस्य सचिव श्री शोभाराम रिजाल , राप्ती गाउँपालिका।

**आमन्त्रित**

श्री विश्वास विक ,शाखा अधिकृत

श्री विकास ज्ञवाली, अधिकृत

श्री सुवास भट्टराई कम्प्युटर अपरेटर

**राप्ती गाउँकार्यपालिकाका अध्यक्ष श्री प्रकाश विष्टको अध्यक्षतामा मिति २०७९।०४।०६ गते बसेको गाउँकार्यपालिका बैठकका निर्णयहरु -**

निर्णय नं १- सामुदायिक विद्यालयका बालविकास केन्द्र देखि कक्षा १० सम्म निःशुल्क शिक्षा कार्यान्वयनका लागि सामुदायिक विद्यालयमा कक्षा १० सम्म विद्यार्थी वा अभिभावकबाट भर्ना शुल्क, मासिक पढाई शुल्क तथा पाठ्यपुस्तक वापतको शुल्क नलिने गरी प्रदान गरिने शिक्षालाई राप्ती गाउँपालिकाको हकमा निःशुल्क शिक्षा बुझिनेछ ।निःशुल्क शिक्षा कार्यान्वयनका लागि कार्यविधि तर्जुमा गरिनेछ । आधारभुत तथा माध्यमिक शिक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७४ लाई संसोधन गर्न निम्नानुसारको समिति गठन गरी समितिको काम, कर्तव्य,जिम्मेवारी र अधिकार तोकिनेछ ।

१. संयोजक- पहलवान चौधरी संयोजक सामाजिक विकास समिति
२. सदस्य- देवप्रसाद चौधरी कार्यपालिकाका सदस्य
३. सदस्य- गीता चौधरी कार्यपालिका सदस्य
४. सदस्य- प्रमुख प्रशासकीय अधिकृत वा नीजले तोकेको अधिकृत
५. शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख सदस्य सचिव

निर्णय नं २ आ.व. २०७९।८० देखि लागु हुने गरी गाउँपालिकाको अनुदानबाट तलब सुविधा लिने शिक्षक तथा कर्मचारीहरुको निम्नानुसार सुविधा तोक्नेः

| क्र.स. | तह | मासिक तलब दर | चाडवर्व खर्च १ महिना बराबर | पोशाक दर |
|---|---|---|---|---|
| १ | माध्यमिक तह | ३०५०० | ३०५०० | १०००० |
| २ | आधारभूत तह | २५००० | २५००० | १०००० |
| ३ | प्राथमिक तह | २३००० | २३००० | १०००० |
| ४ | बालविकास केन्द्रका शिक्षक | ८५०० | ८५०० | |
| ५ | गृहणी विद्यालका सहजकर्ता | ११००० | ११००० | १०००० |
| ६ | विद्यालय कर्मचारी | ८००० | ८००० | |
| ७ | विद्यालय सहयोगी | ८००० | ८००० | |
| ८ | गाउँपालिकाको अनुदानबाट तलब सुविधा लिने विद्यालय सहयोगी | १८००० | १८००० | १०००० |

निर्णय नं.३-पुर्व प्राथमिक कक्षामा अध्ययनरत बालबालिकाहरुलाई गह्रौ झोला बोक्ने कार्यमा न्युनिकरणका लागि लागि संस्थागत तथा सामुदायिक विद्यालयहरुलाई परिपत्र गर्ने ।

**निर्णय नं.४** – मिति २०७८।११।०२ गतेको कार्यालयको सूचना अनुसार मिति २०७८।११।१५ गते सम्म कार्यालयमा घरनक्सा अभिलेखिकरणको निवेदन दर्ता गरी राजस्व बुझाएमा ५०% छुट दिने अन्यथा १००% जरिवाना सहित अभिलेखिकरण पकृयामा ल्याउने निर्णय भएकोमा २०७६ पुष मसान्तसम्म वडा कार्यालयमा दर्ता हुन आएका निवेदनलाई अन्तिम पटकको लागि २०७९ भाद्र मसान्तसम्म राजस्व बुझाउन आएमा राजस्व शुल्कमा ५०% छुट दिने, तोकिएको समय सिमा भित्र नआएको खण्डमा १००% जरिवाना सहित पकृया अगाडी बढाउने ।

**निर्णय नं. ५-** आ.व. २०७९।८० मा कवाडी कर संकलनको लागि न्युनतम अङ्क रु ४ लाख(VAT बाहेक) कायम गर्ने

**निर्णय नं.६-** आ.व. २०७९।८० मा विज्ञापन कर संकलनको लागि न्युनतम अङ्क VAT सहित रु ५ लाख नबढ्ने गरी कायम गर्ने ।

**निर्णय नं. ७-** राप्ती गापा ५ स्थित दोलाईखोलाको रहेको माटोको ढिस्कोको कारणले बस्तिमा बढेको जोखिमलाई न्युनिकरण गर्नका लागि प्रहरी चौकी सिसहनिया देखि उत्तर र पिपरी स्थित झोलुङ्गे पुलको पश्चिम तर्फ रहेको खोलाको सतहको माथि उठेको नदिजन्य पदार्थ उत्खनन गरी व्यवस्थापन गर्नका लागि अनुमति दिन जिल्ला समन्वय समितिलाई सिफारिस गर्ने ।

**निर्णय नं. ८-** सुरक्षित नागरिक आवास अन्तरगत कार्यक्रम अन्तरगत सुरक्षित नागरिक आवास समन्वय समितिको बैठकबाट स्विकृत भएको संख्या २००० लाभग्राही मध्ये हाल वडा कार्यालयमा भएका ११५३ लाभग्राहीको संख्या आवश्यकता बमोजिम थपघट हुने गरी स्विकृत गरी सुरक्षित नागरिक आवास समन्वय समितिको बैठकमा पेश गर्ने ।

**निर्णय नं. ९-** राप्ती गाउँपालिकाको मेलमिलाप सम्बन्धी कार्यविधि २०७९ स्विकृत गर्ने ।

प्रमाणित गर्दछु